## ६८औं नगरकार्यपालिकाको बैठकका निर्णयहरु

**निर्णय नं. १** हाल गैंडाकोट नगरपालिका अन्तर्गतका अधिकांश वडाहरु संयुक्त वडा कार्यालयको रुपमा संचालनमा रहेका कारण सेवाग्राहीलाई सेवा लिन दुरी टाढा भएको, कार्यालयमा बढी भिडभाड हुने गरेको र कोभिड १९ को जोखिम बढिरहेको अवस्थालाई मध्यनजर गर्दै संघीयताको मर्म बमोजिम जनताको सबै भन्दा नजिकबाट सेवा प्रवाह गर्न सम्बन्धित वडा मै कार्यालय स्थापना गरी सेवा प्रवाह गर्न आवश्यक व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २** यस नगरपालिकामा आ.व. २०७६/७७ देखि नै शुरुवात गरिएको स्मार्ट सिटी (Smart City) परियोजनाको E-Governance अन्तर्गत वडा कार्यालयबाट प्रदान गरिने दैनिक सेवा प्रवाहको लागि सेवा प्रदायक संस्थाबाट तयार भएको एप/सफ्टवयर बमोजिम नमूनाको रुपमा वडा नं. २ र ५ मा परिक्षण कार्य आरम्भ गर्ने । आवश्यक पर्ने स्रोत, साधन र तालिमको व्यवस्था गरी क्रमशः सबै वडाहरुमा कार्यान्वयनमा लैजाने । साथै उक्त परियोजनाको नगरस्तरको एप/सफ्टवयरको काम सम्पन्न गरि नगरपालिकामा समेत यथासिघ्र लागू गर्ने ।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिकालाई नमूना शहरको रुपमा विकसित गर्न आवश्यक पर्ने पूर्वाधार र खास गरी भवन तथा बस्तीलाई थप सुरक्षित, स्वस्थ्य र वातावरण मैत्री बनाउने प्रयोजनका लागि देहायका कार्यहरु गर्न निर्देशन गर्ने निर्णय गरियो ।

१. घर नक्सा पास सम्बन्धी प्रक्रियामा सरलीकरण गर्ने ,
२. सुरक्षित र स्वस्थ्यकर घर तथा भवन निर्माणका आधार तथा मापदण्ड तयार गर्ने ,
३. गैंडाकोट नगरपालिकाको लागि उपयुक्त हुने नमूना घरको ढाँचा प्रस्ताव गर्ने ,
४. न्यून र मध्यम आय भएका परिवारलाई १००० वर्ग फिट सम्मका एक तला घरको नक्सा निःशुल्क उपलब्ध गराउन आवश्यक कानूनी र व्यस्थापकीय तयारी गर्ने,
५. सुरक्षित र स्वस्थ्यकर आवासको महत्त्वबारे नागरिक सचेतना बढाउने,
६. भवन तथा घर नक्सा सम्बन्धि कार्य गर्न योग्यता पुगेका व्यक्तिगत परामर्शदाताहरुलाई समेत रु. २०००/- ( दुई हजार मात्र ) शुल्क लिइ सूचिकृत गर्ने,
७. घर परिवारको संक्षिप्त तथ्यांक संकलन गर्ने

**निर्णय नं. ४** गैंडाकोट नगरपालिका अन्तर्गत रहेका १८ वटै वडाहरुमा एक वडा एक गौरवका योजना छनोट गरी उक्त योजनाहरुको आवश्यक पर्ने **DPR/PER** तयार गरी प्रदेश र संघका सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) को संक्रमण समुदाय स्तरमा समेत फैलिएको हुँदा सो को रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले निर्धारण गरेको जनस्वास्थ्य सम्बन्धी मापदण्ड अवलम्बन गरी सम्भावित जोखिमलाई न्यूनिकरण गर्न वडा र टोल विकास संस्थाको सक्रियता बढाई समुदायस्तरमा कोरोना रोकथाम तथा नियन्त्रण गर्न सक्षम बनाउने । सक्रमण बढ्दै गएमा विध्यमान आइसोलेसन केन्द्रहरुमा स्थान अभाव हुने संभावना बढ्दै गएकोले सुरक्षित रुपमा होम क्वारेन्टाइन र तोकिएको मापदण्ड पालना गर्दै उच्च सतर्कताका साथ होम आइसोलेशनमा बस्न प्रोत्साहन गर्ने र नगरवासीहरुले आ-आफ्ना दैनिक व्यवहारहरुलाई

२०७७/४/२४
विष्णु कुमारी कंडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख

परिमार्जन गर्दै कोभिड -१९ को जोखिमबाट बच्ने गरी सजगता अपनाई दैनिक कामकाज, पेशा वा व्यवसाय संचालन गर्दा उच्च सतर्कता अपनाउन अनुरोध गर्ने निर्णय गरियो । साथै वडा नं. १० मा रहेको मुकुन्दपुर कभर्डहल लाई आइसोलेसन र जनशक्ति आधारभूत विद्यालय गैंडाकोट -१३ लाई आवश्यकताको आधारमा क्वारेन्टाइनको रुपमा संचालन गर्ने, भारत तथा नेपालका बढी कोरोना भाईरस संक्रमण फैलिएका जिल्लाहरुबाट आउने कामदारको अनिवार्य PCR report Negative भएको सुनिश्चितता गर्ने । सम्बन्धित वडाको स्वीकृतिमा मात्र बाहिरबाट त्यस्ता कामदार ल्याउन सक्ने व्यवस्था गर्ने ।

**निर्णय नं. ६** कोभिड१९ का कारण विद्यालय शिक्षामा परेको असर न्यूनिकरण गर्न विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको संयुक्त पहलबाट पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि पुरा हुने गरी वैकल्पिक शिक्षण क्रियाकलापको माध्यामबाट शैक्षिक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय निर्देशक समितिको मिति २०७७।०५।२५ गतेको निर्णयबाट सिफारिस भए बमोजिम विवरण पूर्ण भई आएका बेरोजगार व्यक्तिहरुको सूचि स्वीकृत गर्ने र सूचि स्वीकृतका लागि केही निवेदनहरु उपर थप स्पष्ट हुन पर्ने आवश्यक देखिएकाले त्यस्ता निवेदनहरु उपर पुनः छानविन गरी पेश गर्न वडा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

२०७७।५।२५

विष्णु प्रसाद गुरुङाल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कांडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख